## वस्तुगत प्रश्नोत्तर

**१. प्रधानमन्त्री कप टी–२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि (२०७८) कसले जित्यो ?**
✍ एपीएफ क्लब, वि.सं. २०७८ पुस १६ देखि माघ ५ सम्म
- नेपाल एपीएफ क्लबले नेपाल पुलिस क्लबलाई २१ रनले हराएर सो उपाधि जितेको हो ।
- एपीएफले उपाधि जितसँगै ट्रफी र पाँच लाख रुपियाँ हात पारेको छ । उपविजेता नेपाल पुलिसले तीन लाख रुपियाँ हात पारेको छ । सेमिफाइनलसम्मको यात्रा तय गर्ने नेपाल आर्मी क्लब र बागमती प्रदेश ५०–५० हजार रुपियाँका हकदार बनेका छन् ।

**२. अरनिको अन्तर्राष्ट्रिय पुरस्कार (२०७८ मा) कसलाई प्रदान गरियो ?**
✍ साहित्यकार हरि अधिकारी
- गैरआवासीय नेपाली सङ्घको भाषा, साहित्य, संस्कृति तथा सम्पदा समितिद्वारा हरेक वर्ष यो पुरस्कार प्रदान गरिन्छ ।
- पुरस्कारको राशि दुई लाख रुपियाँ रहेको छ ।

**३. संयुक्त राष्ट्रसङ्घद्वारा कुन अवधिलाई 'पारिस्थितिकीय प्रणालीको पुनर्स्थापनाको दशक'का रुपमा मनाउने निर्णय गरिएको छ ?**
✍ सन् २०२१–२०३०

**४. २०७८ सालमा प्रदान गरिने उत्कृष्ट साझेदारी वन पुरस्कारबाट पुरस्कृत हुने साझेदारी वन समूह कुन हो ?**
✍ सवैया साझेदारी वन व्यवस्थापन समूह (पर्सा), पुरस्कार राशि रु. ५४ हजार

**५. पारवहनका लागि नेपाली रेलले वीरगञ्ज र विराटनगरदेखि कोलकाता/हर्दियासम्म रेल सेवा दिन सक्नेसम्बन्धी सम्झौतामा कहिले सहमति भएको हो ?**
✍ वि.सं. २०७८ असार २५
- (नेपाल र भारतबीच संशोधित रेल सेवा सम्झौताअनुसार नेपालबाट तेस्रो मुलुकसँगको व्यापारका लागि भारतीय निजी क्षेत्रको रेल सेवासमेत उपयोग गर्न सकिने भएको । यसअघि निश्चित कम्पनीबाट सञ्चालित रेल सेवा मात्र ढुवानीका लागि प्रयोग गर्नुपर्ने बाध्यात्मक अवस्था रहेकोमा अब भने धेरै विकल्प खुला भएको ।)

**६. दक्षिण एसियाली ओलम्पिक काउन्सिलको सन् २०२१ जुलाई १२ को बैठकले १४औँ साग खेलकुद प्रतियोगिता कहिले गर्ने निर्णय गरेको छ ?**
✍ सन् २०२३ मार्च
- (१४औँ साग पाकिस्तानका पाँच सहर लाहोर, फैसलावाद, गुजरनवाला, इस्लामावाद र सिलाकोटमा हुने निर्णय भएको ।)

**७. व्यापार व्यवसायसँग सम्बन्धित एमएफएनको पूरा रूप के हो ?**
✍ मोस्ट फेवर्ड नेसन

**८. दक्षिण एसियाली ओलम्पिक काउन्सिलको सचिवालय कहाँ राख्ने निर्णय भएको छ ?**
✍ नेपाल

**९. राष्ट्र बैङ्कमा पहिलो महिला डेपुटी गभर्नरका रूपमा नियुक्त हुने महिला को हुन् ?**
✍ निलम तिम्सिना ढुङ्गाना



- वि.सं. २०७७ फागुन २५ को मन्त्रिपरिषद् बैठकले राष्ट्र बैङ्कमा निलम तिम्सिना ढुङ्गाना र बमबहादुर मिश्रलाई डेपुटी गभर्नरका रूपमा नियुक्त गर्ने निर्णय गरेको हो ।
- राष्ट्र बैङ्कमा दुई जना डेपुटी गभर्नर हुने व्यवस्था रहेको छ ।

**१०. नेपालमा नयाँ स्रेस्ता प्रणाली कहिलेदेखि लागू भएको हो ?**
✍ वि.सं. २०१८ चैत २ गते

**११. देशभरिका मालपोत कार्यालयमा अनलाइन प्रणाली कहिलेदेखि लागू गरिएको हो ?**
✍ वि.सं. २०७८ असार २३ गते
- छ वर्षअघि (२०७२ श्रावण २५) मालपोत कार्यालय कलङ्कीबाट सुरु भएको भू–अभिलेख सूचना व्यवस्थापन प्रणाली असार २३ देखि १२६ वटै मालपोत कार्यालयमा लागू भएको । यसअघि ११८ कार्यालयमा सुरु भइसकेकोमा सो दिन बाँकी आठ कार्यालयमा पनि अनलाइन प्रणाली कार्यान्वयन भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको ।
- कागजी प्रक्रियामा चल्दै आएको मालपोत कार्यालय अनलाइन प्रणालीमा गएसँगै मालपोत प्रशासन डिजिटल युगमा प्रवेश गरेको ।
- यो प्रणली सुरु भएपश्चात् नै सर्वसाधारणले आफ्नो घरजग्गाको विवरण (क्षेत्रफल, सँधियार रोक्का, राजस्वलगायत) मोबाइल एपमै हेर्न सक्ने ।
- देशभरका मालपोत कार्यालयमा लागू गरिएका अनलाइन सेवा प्रणालीबाट अब यस कार्यालयको सेवा छिटो, छरितो, पारदर्शी र विश्वसनीय हुने ।

**१२. सबैभन्दा लामो दिन कहिले हुन्छ ?**
✍ २१ जुन
- (सबैभन्दा छोटो दिन : डिसेम्बर २२)

**१३. मानव निर्मित पहिलो तत्त्व कुनलाई मानिन्छ ?**
✍ पोलोनियम

**१४. विश्वकै ठूलो नोबल पुरस्कार कहिलेदेखि प्रदान गर्न थालिएको हो ?**
✍ सन् १९०१
- अर्थशास्त्रतर्फको नोबल पुरस्कार भने सन् १९६८ देखि दिन थालिएको ।
- नोबल शान्ति पुरस्कार नर्वेको राजधानी ओस्लोमा दिइन्छ भने अन्य विधाका पुरस्कार स्विडेनको राजधानी स्टकहोममा प्रदान गरिन्छ ।
- यो पुरस्कार संयुक्त रूपमा तीन जनासम्मले पाउन सक्ने ।

**१५. कुनै वस्तुमा त्यसको स्थान वा स्थिति परिवर्तनको कारणले सञ्चित रहने शक्तिलाई के भनिन्छ ?**
✍ स्थिति शक्ति
- (तन्किएको रबरमा जम्मा भएको शक्ति, बाँधमा जम्मा गरिएको पानीमा हुने शक्ति, कुनै स्प्रिङ दबाउँदा वा तन्काउँदा स्प्रिङमा सञ्चित हुने शक्ति आदि स्थिति शक्ति अर्थात् पोटेन्सियल शक्तिका उदाहरण हुन् ।)

**१६. चाल शक्ति भन्नाले के बुझिन्छ ?**
✍ वस्तुमा हुने चालको कारणले उत्पन्न हुने शक्ति अर्थात् चाल अवस्थामा रहेको वस्तुमा सञ्चित शक्ति
- (बन्दुकबाट निस्केको गोली, बगिरहेको पानी, गुडिरहेको मोटर, उडिरहेको चरा आदिमा चाल शक्ति निहित हुन्छ ।)

**१७. इन्टरनेसनल रिन्युऐबल इनर्जी एजेन्सी (आइरेना)को विधानलाई नेपालको संसद्द्वारा कहिले अनुमोदन भएको हो ?**
✍ वि.सं. २०७४ असोज २५
- संसद्द्वारा अनुमोदन भएपछि नेपाललाई सो निकायको सदस्य बन्ने बाटो सहज भएको । सन् २००९ मा जर्मनीको बोनमा सम्पन्न फाउन्डिङ कन्फ्रेन्समा सहभागी नेपालले यसबारेको विधानमा हस्ताक्षर गरेर सदस्य बन्ने प्रतिबद्धता जनाए पनि औपचारिक प्रक्रिया भने अघि बढ्न सकेको थिएन ।
- यससँगै नेपाल दक्षिण एसियाबाट आइरेनाको सदस्य बन्ने कान्छो मुलुक बनेको छ ।
- यसअघि नेपालबाहेक सार्कका सबै सदस्य राष्ट्र सो नियोगको सदस्य बनेका छन् ।
- नवीकरणीय ऊर्जाको विश्वव्यापी रूपमा व्यापक प्रयोग र दिगो उपयोग गर्ने उद्देश्यका साथ आइरेनाको स्थापना सन् २००९ जनवरी २९ मा भएको हो ।

**१८. नेपाल सरकारका मन्त्रालय स्तरका निकायमध्ये सर्वोच्च निकाय कुन हो ?**
✍ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**१९. अत्यधिक सन्तान उत्पादन, बाँच्नका लागि सङ्घर्ष, प्राकृतिक छनोट, परिवृत्ति र वंशज, नयाँ जातिको उत्पत्तिसम्बन्धी क्रम विकासको सिद्धान्तका प्रतिपादक को हुन् ?**
✍ चार्ल्स डार्विन

**२०. लोन्ली प्लानेटको स्थापना कहिले भएको हो ?**
✍ सन् १९७२
- पर्यटन क्षेत्रसँग सम्बन्धित यस संस्थाको संस्थापक टोनी ह्विलर र मौरिन ह्विलर रहेका छन् ।
- हरेक वर्ष पर्यटकीय क्षेत्रको सूची प्रकाशन गर्ने यस संस्थाले पर्यटनसम्बन्धी पुस्तक, गाइडबुक तथा श्रव्यदृश्य सामग्रीको उत्पादन तथा बिक्री–वितरण गरिन्छ ।
- यसको मुख्यालय अस्ट्रेलियाको मेल्बर्न (शाखा कार्यालयहरू : लन्डन, बेइजिङ र नयाँदिल्ली)मा रहेको छ ।

**२१. नेपालमा कृषि गणनाको सुरुवात कहिलेदेखि भएको हो ?**
✍ वि.सं. २०१८
- नेपालमा वि.सं. २०६८ मा छैटौँ कृषि गणना गरिएको ।
- छैटौँ कृषि गणनाअनुसार नेपालमा ३८ लाख ३१ हजार कृषक परिवार रहेका छन् ।
- यस गणनाअनुसार प्रतिनेपाली खेतीयोग्य जमिन ०.६८ हेक्टर रहेको ।
- सबैभन्दा बढी कृषियोग्य जमिन भएका पाँच जिल्ला : मोरङ, झापा, सर्लाही, सिराहा र सुनसरी रहेका ।

**२२. छैटौँ राष्ट्रिय कृषि गणना (२०६८/६९)को नतिजा कहिले सार्वजनिक गरियो ?**
✍ वि.सं. २०७० पुस ९ गते
- छैटौँ राष्ट्रिय कृषि गणनाअनुसार कृषक परिवारको चलनमा रहेको जग्गाको क्षेत्रफल २५ लाख २५ हजार हेक्टर रहेको सो क्षेत्रफल दस वर्षअघिको तुलनामा एक लाख २९ हजार हेक्टरले कम हो ।

**२३. टेनिसका चार महत्त्वपूर्ण स्पर्धामध्ये पहिलो ग्रान्डस्लाम कुन हो ?**
✍ अस्ट्रेलियन ओपन
- (हरेक वर्ष जनवरीमा आयोजना हुने गर्छ ।)

**२४. उत्तरी ध्रुव पत्ता लगाउने रोबर्ट पियरी (अमेरिका) हुन् भने दक्षिणी ध्रुव पत्ता लगाउने को हुन् ?**
✍ रोल्ड एमन्डसेन, नर्वे

**२५. संयुक्त राष्ट्रसङ्घद्वारा कुन अवधिलाई 'पारिस्थितिकीय प्रणालीको पुनर्स्थापनाको दशक'का रूपमा मनाउने निर्णय गरिएको छ ?**
✍ सन् २०२१–२०३०

**२६. हात्ती प्रजनन केन्द्र कहाँ रहेको छ ?**
✍ मेघौली, चितवन

**२७. हालको निजामती किताबखानाले गर्ने काम पहिला कुन अड्डाले गर्थ्यो ?**
✍ कमान्डरी किताबखाना

**२८. नेपालमा छापाखानाको सुरुवात कहिले भएको हो ?**
✍ वि.सं. १९०८
- राणा प्रधानमन्त्री जङ्गबहादुर बेलायतबाट फर्किंदा यो प्रेस ल्याएका थिए ।
- प्रेसको शिरमा गिद्धको चित्र भएकाले यसलाई गिद्दे प्रेस भनिएको हो । यो कोलम्बियन प्रिन्टिङ प्रेस थियो ।
- यस प्रेसलाई थापाथली दरबारमा स्थापना गरियो ।

**प्रस्तुतकर्ता : टङ्क के.सी.**

## विषयगत प्रश्नोत्तर

# नेपाली सेनामा पदपूर्ति समिति



**१. आन्तरिक नियन्त्रण प्रणालीका तत्त्व के के हुन् ? लेख्नुहोस् ।**
✍ कार्यालयको कार्यलाई मितव्ययिता, पारदर्शिता एवं प्रभावकारिता ल्याउनका लागि विभिन्न पदमा कार्य विभाजन गर्ने र एकले गरेको कार्यले अर्कोको कार्यमा सन्तुलन हुने गरी एकआपसमा सन्तुलन र नियन्त्रणको प्रणाली स्थापना गरिएको हुन्छ । यो कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली हो । कार्यालयको कार्यप्रणालीमा स्वच्छता ल्याई अनियमितता हटाउँदै सुशासन कायम गर्ने उद्देश्य लिइएको यसको मूलभूत तत्त्व कार्य विभाजन हो । यसका तत्त्वहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- कार्य विभाजन,
- आन्तरिक जाँच,
- कार्यसम्पादन सम्झौता,
- कार्यसम्पादन मूल्याङ्कन,
- कार्यहरूको प्रतिवेदन लिने,
- अनुगमन गर्ने,
- निरीक्षण गर्ने,
- निर्देशन दिने,
- आन्तरिक लेखापरीक्षण गर्ने ।

**२. नेपाली सेनामा पदपूर्ति समितिको गठन र सो समितिको काम, कर्तव्य र अधिकारबारे चर्चा गर्नुहोस् ।**
✍ सैनिक सेवा नियमावली, २०६९ ले नेपाली सेनामा रिक्त रहेको विभिन्न पदको खुला तथा आन्तरिक प्रतियोगिताद्वारा छनोट गरी नियुक्तिका लागि सिफारिस गर्न पदपूर्ति समितिको गठन र सो समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ, जसलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :

● **नेपाली सेनामा पदपूर्ति समितिको गठन**
- (क) लोक सेवा आयोगको अध्यक्ष वा आयोगले तोकेको सो आयोगको सदस्य –अध्यक्ष
- (ख) रक्षा मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत –सदस्य
- (ग) कार्यरथी –सदस्य
- (घ) प्रधानसेनापतिले तोकेको सम्बन्धित विषयको विशेषज्ञ एक जना –सदस्य
- (ङ) भर्ना छनोट निर्देशनालयको निर्देशक –सदस्य–सचिव

● **छुट्टाछुट्टै समिति गठन**
- पदपूर्ति समितिले अधिकृत क्याडेटभन्दा तल्लो दर्जामा निर्धारित प्रक्रियाका आधारमा उपयुक्त उम्मेदवार छनोट गरी नियुक्तिका लागि नियुक्ति गर्ने अधिकारीसमक्ष सिफारिस गर्न लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधिसमेत रहने गरी बढीमा पाँच सदस्यीय छुट्टाछुट्टै समिति गठन गरी अधिकार सुम्पन सक्ने व्यवस्था छ ।

● **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार**
- पदपूर्तिका लागि विज्ञापन गर्ने, परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने,
- पदपूर्तिका लागि प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तर पुस्तिका परीक्षण, प्रयोगात्मक परीक्षाको व्यवस्था, गुणमापक परीक्षाको व्यवस्था, अन्तर्वार्तालगायतका कार्यहरूका लागि सम्बन्धित निकायसँग समन्वय गरी दक्ष वा विशेषज्ञको सेवा प्राप्त गर्ने,
- उम्मेदवारलाई सैनिक सेवाको रिक्त पदसङ्ख्याका आधारमा योग्यताअनुसार तालिम वा नियुक्तिका लागि सिफारिस गर्ने ।

**३. वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ ले लिएका उद्देश्य लेख्नुहोस् ।**
✍ २०७५ असोज २ गतेबाट लागू भएको वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ ले लिएका उद्देश्य निम्न छन् :
- प्रत्येक व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार तथा चरित्रसम्बन्धी विषयको गोपनीयताको हकलाई सुनिश्चित गर्ने,
- सार्वजनिक निकाय वा संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्यवस्था गर्ने,
- व्यक्तिको गोपनीयता अतिक्रमण हुन नदिने,
- मर्यादित जीवनस्तर प्रवर्द्धन गर्ने ।

**४. वाणिज्य बैङ्क भनेको के हो ?**
✍ सर्वसाधारण जनताबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी गर्ने, कर्जा प्रवाह गर्नेजस्ता वित्तीय मध्यस्थताका कार्य गरी मुलुकमा आर्थिक स्थायित्व कायम राख्न सहयोग गर्ने बैङ्कलाई वाणिज्य बैङ्क भनिन्छ । यसले केन्द्रीय बैङ्कले तर्जुमा गरेको मौद्रिक नीति कार्यान्वयन गर्न सहयोग गर्दछ । यसको उद्देश्य मुनाफा आर्जन गर्नु हुन्छ । यसले सर्वसाधारणलाई आधुनिक बैङ्किङ सेवा उपलब्ध गराउने गर्दछ । यो केन्द्रीय बैङ्कबाट अनुमति लिई स्थापना हुन्छ । यसको नियमन केन्द्रीय बैङ्कले गर्दछ ।

**५. सङ्घीय शासन व्यवस्थाका सबल पक्षबारे चर्चा गर्नुहोस् ।**
✍ एउटा देशलाई एकभन्दा बढी प्रान्त, राज्य वा प्रदेशमा विभाजन गरेर शासन सञ्चालन गर्ने पद्धति सङ्घीय शासन व्यवस्था हो । यो एउटै देशमा बहुसरकारद्वारा राज्यशक्तिको प्रयोग गर्ने राजनीतिक प्रणाली हो । यस व्यवस्थामा सामान्यतया केन्द्र सरकार, प्रान्तीय/राज्य/प्रदेश सरकार र स्थानीय सरकार गरी तीन प्रकारको सरकार हुने गर्दछ । संविधानले प्रत्येक तहका सरकारको अधिकार र जिम्मेवारी तोकी एकआपसमा समन्वय तथा सहकार्यको व्यवस्थासमेत गरेको हुन्छ । सङ्घीय व्यवस्था आर्थिक हिसाबले केही खर्चिलो देखिए पनि समावेशी लोकतन्त्र, विविधता, व्यवस्थापन तथा राज्यशक्तिको विकेन्द्रीकरणका दृष्टिले यो उत्कृष्ट व्यवस्था हो । यस व्यवस्थाका सबल पक्ष निम्नअनुसार छन् :
- जिम्मेवारी, स्रोतसाधन तथा अवसर तलका सरकारमा हस्तान्तरण हुने हुँदा केन्द्र सरकारको कार्यबोझ कम हुने,
- तोकिएका क्षेत्रमा जननिर्वाचित अधिकारसम्पन्न छुट्टै सरकारले प्रशासन र विकासको जिम्मेवारी पाउने,
- विकास निर्माण तथा शासन व्यवस्था थप नियमित, व्यवस्थित र प्रतिस्पर्धी बन्ने,
- केन्द्र सरकारले प्रान्तीय/राज्य/प्रदेश सरकारबीच समन्वय गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा देखिएका समस्याको समाधान गर्ने हुँदा समग्र शासन व्यवस्था सफल हुने,
- सङ्घीय शासन व्यवस्थाबाट सबै वर्ग, तह, जातजाति, भाषा, धर्मका लागि समुचित पहुँच र अवसर प्राप्त भई समावेशी राज्य स्थापना हुने,
- स्रोत साधन र अवसरको न्यायोचित वितरण हुने,
- कार्य प्रणालीमा सहभागिता र पारदर्शिताले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने,
- मुलुकमा सुशासन कायम हुन सहयोग पुग्ने ।

**६. स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार के के हुन् ? लेख्नुहोस् ।**
✍ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा गठन हुने स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार निम्न छन् :
- राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने,
- राजस्वको स्रोत, दायरा र दरसमेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नेलगायतका कार्य गर्ने,
- राजस्वको दर र क्षेत्रलगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
- स्थानीय उद्योग तथा व्यापार प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,
- कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने,
- राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

**७. नेपालीको जीवनशैली नै नेपालको प्रमुख स्वास्थ्य समस्या हो । यस भनाइलाई के भन्नुहुन्छ ?**
✍ निश्चय पनि मानिसको स्वास्थ्य आफ्नै जीवनशैलीबाट प्रभावित हुन्छ । अधिकांश नेपाली स्वास्थ्यको महत्त्व र यसको ख्याल राख्ने तरिकाबारे सचेत छैनन् । उनीहरूको खाद्यपरिकार, सांस्कृतिक चालचलन, कामको पद्धति, आचरण आदि स्वास्थ्यमैत्री छैनन् । अझै पनि धेरै मानिस अन्धविश्वासी छन् र आफ्नो स्वास्थ्य बिग्रँदै गएको थाहा पाएका छैनन् । उनीहरूलाई वैज्ञानिक उपचार पद्धतिको आवश्यकता र महत्त्वको ज्ञान छैन । खासगरी यस्तो अवस्था सुगममा भन्दा दुर्गम स्थानमा बढी छ । उत्पादनको कमी, खाद्यान्नको अभाव आदिजस्ता कारणले गर्दा उनीहरू सडेगलेका खानेकुरा, फोहोर खानेपानी प्रयोग गरिरहेका छन् । प्रसादका नाममा प्रदूषित पानी र सडेगलेका फलफूल तथा खाद्यपरिकार सहर्ष ग्रहण गर्दछन् । स्वास्थ्यको ख्याल नगरी अनावश्यक मात्रामा व्रत, उपवास गर्ने गर्दछन् । खाद्यपरिकार तयार गर्ने पाकशैली पनि उपयुक्त खालको छैन । भोजनको नियमित तालिका छैन । सन्तुलित भोजनको महत्त्वबोध छैन । बढी चिल्लो वा मदिराजन्य वस्तु अधिक प्रयोग हुन्छ । व्यक्तिगत सरसफाइको अवस्था पनि कमजोर छ । यस्तो जीवनशैलीका कारण सामुदायिक स्वास्थ्यको अवस्था निकै नाजुक छ । त्यसैले नेपालीको जीवनशैली नै नेपालको प्रमुख स्वास्थ्य समस्या हो भन्न सकिन्छ ।

**८. एकीकृत सम्पत्ति कर भनेको के हो ? यो कर लगाउने आधारहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ व्यक्तिको स्वामित्वमा रहेका सम्पूर्ण घर र जग्गालाई एकीकृत रूपमा गणना गरी त्यसैमा कर लगाइने पद्धतिलाई एकीकृत सम्पत्ति कर भनिन्छ । यो घर तथा जग्गाजस्ता अचल सम्पत्तिमा लाग्ने कर हो । अचल सम्पत्तिमा लगानी प्रोत्साहित गर्ने वा निरुत्साहित गर्ने भन्ने उद्देश्य राखेर यो करको दर निर्धारण गर्ने गरिन्छ । यसमा सम्पूर्ण अचल सम्पत्तिको एकीकृत मूल्याङ्कन गरी तोकिएको रकमसम्ममा एकीकृत सम्पत्ति कर छुट दिन पनि सकिन्छ । सामान्यतया अनुत्पादक क्षेत्रको लगानीलाई निरुत्साहित गर्दै उत्पादनशील क्षेत्रमा लगानी उत्प्रेरित गरी आय आर्जन तथा रोजगारी बढाउन अनुत्पादक क्षेत्रको अचल सम्पत्तिमा सम्पत्ति कर लगाउने गरिन्छ ।

● **एकीकृत सम्पत्ति कर लगाउने आधार**
- सामान्यतया जुनसुकै कर लगाउने आधार भनेको करदाताको कर तिर्न सक्ने क्षमता हो । कर तिर्न नसक्नेलाई करको भार लगाउन हुँदैन भन्ने सिद्धान्तमा आधारित भई कर लगाएमा कर असुलीमा थप प्रभावकारिता आउँछ र करको उत्पादनशीलता झन् बढ्न गई करले करको आधार अझ विस्तार गर्दै जान्छ । यो मान्यता एकीकृत सम्पत्ति करमा पनि लागू हुन्छ । एकीकृत सम्पत्ति कर लगाउने अरू आधार निम्न छन् :
- घर तथा जग्गाको आकार, प्रकार, बनोट,
- नागरिकको जीवनस्तर एवं आर्थिक अवस्था,
- अचल सम्पत्ति उपयोग गरे नगरेको अवस्था,
- अचल सम्पत्तिको प्रचलित बजार मूल्य,
- अचल सम्पत्तिको ह्रास मूल्य,
- राजस्वको आवश्यकता ।

**९. नेपालको वन सेवाअन्तर्गत हाल रहेका समूहहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ नेपालको वन सेवाअन्तर्गत हाल छवटा समूह रहेका छन्, जुन निम्न छन् :
- क. जनरल फरेस्ट्री
- ख. फरेस्ट रिसर्च
- ग. स्वायल एन्ड वाटर कन्जर्भेसन
- घ. बोटनी
- ङ. हात्तीसार
- च. नेशनल पार्कस् एन्ड वाइल्ड लाइफ ।

**१०. स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउँदा के कस्ता कुरामा ध्यान दिनुपर्दछ ? लेख्नुहोस् ।**
✍ स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउँदा निम्न कुरामा ध्यान दिनुपर्दछ :
- राष्ट्रिय आर्थिक नीति,
- वस्तु तथा सेवाको ओसारपसार,
- पुँजी बजार,
- श्रम बजार,
- छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने कुरा ।

**११. मुद्रास्फीति नियन्त्रण गर्न वित्त र मौद्रिक नीतिले कसरी सहयोग गर्दछन् ? उल्लेख गर्नुहोस् ।**
✍ वस्तु तथा सेवाको मूल्यमा आएको वृद्धि मुद्रास्फीति हो । बजारमा वस्तु तथा सेवाको अभाव हुने तर मुद्रा प्रदायको मात्रा नघट्ने भएमा मुद्रास्फीति हुन्छ । यसका लागि मौद्रिक तथा वित्त नीतिमार्फत वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्ने, बजारमा मुद्रा प्रदायको मात्रा नियन्त्रण गर्नेलगायतका उपाय अवलम्बन गरेर मुद्रास्फीति नियन्त्रण गर्न सकिन्छ । मुद्रास्फीति नियन्त्रण गर्न मौद्रिक र वित्त नीतिले निम्नअनुसार सहयोग गर्दछन् :

● **वित्त नीतिले गर्ने सहयोग**
- उत्पादनमा अनुदान दिएर उत्पादन वृद्धि गर्ने,
- मालवस्तुको ढुवानीमा सुधार गरेर तथा विभिन्न स्थानमा आवश्यक पर्ने मालवस्तुको भण्डारणको व्यवस्था गरी आपूर्ति प्रणालीमा सुधार गर्ने,
- बजार अनुगमनमार्फत कृत्रिम अभाव हुन नदिने, मालवस्तुको मूल्यसूची राख्न लगाउने,
- सरकारी घाटा बजेट कम गरी निजी क्षेत्रमा लगानी बढाउन सहयोग गर्ने,
- सरकारले चालू खर्चमा मितव्ययिता अपनाई पुँजीगत खर्च क्षमता बढाएर पूर्वाधार विकासलाई तीव्रता दिने,
- रुग्ण उद्योगको पुनरुत्थानमा कर, भन्सारलगायतका सहुलियतको व्यवस्था गर्ने,
- नीतिगत, कानुनी, संस्थागत एवं प्रक्रियागत सुधार गरी लगानीमैत्री वातावरण तयार गरेर स्वदेशी तथा विदेशी लगानी बढाउने ।

● **मौद्रिक नीतिले गर्ने सहयोग**
- उद्योग, कृषिलगायतका उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह बढाउन यसमा कर्जाको सीमा निर्धारण गर्ने,
- उत्पादनमूलक क्षेत्रमा प्रवाह हुने कर्जामा अनुदानको व्यवस्था गर्ने,
- कर्जा प्रवाहलाई सरल र पारदर्शी बनाउने,
- बजारमा मुद्रा प्रदायको मात्रा घटाउने,
- केन्द्रीय बैङ्कले अन्य बैङ्कलाई ऋण प्रदान गर्दा लिने बैङ्कदर बढाउने,
- केन्द्रीय बैङ्कले सरकारी ऋणपत्र बिक्री गर्ने,
- केन्द्रीय बैङ्कमा वाणिज्य बैङ्कले जम्मा गर्नुपर्ने अनिवार्य नगद मौज्दातको मात्रा बढाउने,
- बैङ्क तथा वित्तीय संस्थाहरू एकआपसमा मर्ज हुने प्रक्रियालाई सरल गरी बैङ्कको वित्तीय क्षमताको विकास गर्ने,
- खराब कर्जा असुली कार्यलाई प्रभावकारी बनाउने,
- केन्द्रीय बैङ्कले गर्ने बैङ्क तथा वित्तीय संस्थाको नियमन प्रणालीलाई प्रभावकारी बनाई स्वच्छ प्रतिस्पर्धाको विकास गर्ने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL